# गिता विश्वकर्मा (सर्लाही)

### बाल संरक्षण संस्था (सदस्य) दलित महिला वडा सदस्य



सबै जनालाई नमस्ते । मेरोनाम गिता विश्वकर्मा । मेरो ३र सर्लाहि जिल्ला लालबन्दि नगरपालिकाम पर्दछ । मेरो पारिवारिक पृष्टभुमि भन्नु पर्दा म मध्यम वर्गए परिवारमा मेरो जन्म भयो ।

हाल म लालवन्दि नगरपालीका वडा नं ७ को दिलत महिला वडा सदस्यको रुपमा कार्यरत छु । सानै देखि उमेर देखि मेरो पढाइमा रुचि रहेको थियो भने अन्य अतिरीत्त कृयाकलापहरुमा पनि म सकृय रहेको थिए । मेरो परिवारमा बुबा ममिले मलाई पढ्नको लागि कहिले रोक्नु भएन । त्यसैले गर्दा मैले विद्यालय शिक्षा मेरो साम्रोनै भयो । मैले २०५९ सालमा एस. एल .सि परीक्षा पास गरेको थिए । विद्यालयमा पढाईको अतिरीत्त बक्तित्व कलाहरुमा पनि मेरो रुचि देखेर शिक्षकहरुले मलाई विभिन्न राजनितिक दलको विद्यार्थि भातृ संगठनमा आवद्ध गराउनु भयो । र मैले विद्यालय उमेरमै राजनीतिक कुराहरु जान्ने अवसर पनि पाएको थिए ।

मेरो बिवाह २०६२ सालमा २० वर्षको उमेरमा भएको थियो । बिवाह पछि म मेरो घरमै बस्दै आएको थिए । घरमा अरु बुहारिहरु पढे लेखेको थिएनन् त्यसैले ससुराले म पढेलेखेको हुदा मलाई विभिन्न कार्यक्रमहरुमा सहभागि हुन जान कहिल्यौ रोक लागाउनु भएन । विवाह गरेर आएको ६ दिन पछि हरिवनमा दलितहरुको लागि अन्तरकृया कार्यक्रम रहेको बुवाले थाहापउनु भएको हुँदा उहाले मलाई त्यस कार्यक्रममा सहभागि हुनको लागि भन्नु भयो । त्यस बाट मैले धैरे कुराहरु पनि सिक्ने अवसर पाए । समए वित्दै थियो मैले कक्षा १० सम्म मात्र पढेको हुदा मलाई केहि गर्नु पर्छ यतिकै घरमा मात्र वस्नु हुदैन भन्ने सोच आयो । त्यस पछि म जनकपुरमा गएर शिक्षकको तालिम लिए । शिक्षकको लागिम लिएर घरमा आउने साथै म गर्भवती भए । मैले पहिलो सन्तानको रुपमा छोरा जन्माए पछी म दुई बर्ष छोरालाई हुर्काउने क्रममानै बित्यो । २०५६ सालमा बाल संरक्षण संस्थाले सक्षम भन्ने कार्यक्रम संचालन गरेको कुरा मैले थाहाँपाए । जुन कार्यक्रम केयर नेपालको सहयोगमा सन्चालन भएको रहेछ ।

उत्तकार्यक्रमको लागि एक जना सहजकर्ताको रुपमा विज्ञापन खुलेको रहेछ ।त्यो थाहाँ पाए पछि मैले आफ्नो आवश्यक कागजपत्र साथ आवेदन दिए । आवेदन पश्चात सरिता कटवाल दिदिले अन्तरवार्ता लिनु भयो । सायद मेरो अन्तरवार्ता मन पराएर होला म छनौटमा परे र सहजकर्ताको रुपमा काम गर्न थाले । त्यतिखेर सक्षम कार्यक्रम अन्तरगत मैले ग्रामिण क्षेत्रमा गएर महिलाहरुको समुहहरु चाउनु पर्ने थियो । सवहि क्रममा मैले स्थानिय महिलाहरुको

समस्याको बारेमा राम्रो संग जान्ने अवसर पनि पाँए भने विभिन्न क्षेत्रको महिला स्थानिय राजनीतिज्ञहरु संग मेरो चिनजान भयो । मैले आफ्नो गाँउमा आफ्नो पहिचान बनाउन पनि सफल भए । र त्यसै क्रममा मैले केहि राजनैतीक नेतृत्व लिएका व्यक्तिहरुसं पहिचान बढाए र उहाको सल्लाहा अनुरुप म नेकपा एमालेको भातृ संगठन मुक्ति समाजमा आवद्ध भए । त्यस समएमा म बाल संरक्षण संस्थामा पनप थिए । संस्थामा दिदिहरुले पनि राजनितिमा पनि लाग्नु पर्दछ आफ्नो हक अधिकारको लागि भनेर प्रेरणा दिनु हुन्थ्यो राधा दिदिले । कहिले काहि हामिलाई कुनै शब्दहरुले पनि कति धैरै प्रेरणा दिने रहेछ राधा दिदिले तालिमको सिलसिलामा भन्नु भयो तिमिहरुलाई याँहा महिनाको आठ हजार लिएर सधै हुदैन जागिर मात्र गर्ने होइन आफ्नो पढाईलाई पनि निरन्तरता दिए र अगाढि बढाउनु पर्दछ भनेर उहाँले भन्नु भयो । त्यो सुनेर मैले आफ्नो पढाईलाई साच्चै अगाढि बढाउनु पर्दछ भन्ने ठाने र घरमा आएर बुढालाई भने बुढा म पढ्छु भनेर । तर बुढाले पढ्नु पर्दैन अहिले छोरा सानो छ  भन्नु भयो ।

मैले फेरी भने कि मलाई पढ् दिनु कित मलाई विदेश जान दिनु भने ।त्यस पछि श्रीमानले पढ भन्नु भयो र म कक्षा ११ मा भर्ना भए । भर्ना त भए तर मेरो अगाडि धैरै चुनौतिहरु थियो । घरको धन्दा गर्नु पर्ने । छोराको हेरचाहा गर्नु पर्ने विहानै क्याम्पसमा पुग्नु पर्ने । तर मैले त्यो सबै गर्न सक्छु भन्ने हिम्मत जुटाए । मैले कक्ष ११र १२ पास गरे ।  पास गरिसकेप पछि फेरी केहि समय म त्यतिकै बसे सवहि समयमा राधा दिदिले फोन गर्नु भयो गिता एता कार्यक्रम समिएनी तिमि जस्तो सकृय मान्छे त्यतिकै नवस एउटा संस्थामा कर्मचारी आवश्यक छ कि तिमि गर्छौं भन्नु भयो । मलाई खाली बसेको कारणले गर्दा के गरौ के  भन्ने भैरहेको थियो । सोहि अनुसार मैले लालबन्दिको आर डि एन भने संस्थामा करि सात बर्ष काम गरे । काम गर्ने सिलसिलामा मैले धैरै क्षेत्रको व्यक्तिहरुलाई चिने र राजनितिमा आवद्ध हुने क्रममा मैले परिवार वाट समानुपातिक सिटमा साम्सदको लागि पनि उमेद्धारी दिएको थिए । त्यति खेर मलाई अवसरको आवश्यकता थियो र दुई तिन बटा पाटिको सदस्य बन्दै परित्यग गर्दै पनि गरे । परिवार दलवाट समानुपातिक सिटमा टिकट पाए तर म पराजय भए । त्यस पश्चात मैले काम गर्ने साथि संगतमा पनि सबै साथिहरु काङग्रेसि थिए र  फेरो मैले नेपाली कांङग्रेस पाटीको  सकृय सदस्यता लिएर राजनीतिमा पनि आबद्ध हुन थाले ।

परिणामस्वरुप मैले विगतको स्थानिय तहको निर्वाचनमा दिलत महिला वडा सदस्यको रुपमा उमेद्धारी दिएको थिए । जस्मा म विजय पनि भए र हाल कार्य गरिरहेको छु ।मैले आफ्नो समुदायको हक अधिकार स्थापित गर्नको लागि राज्यको तहवाट र विभिन्न संघ संस्था संग समन्वय गरेर पनि कार्य गर्दै आईरहेको छु । दलित समुदायलाई शसक्त बनाउनु पर्दछ भनि नगर स्तरीय दलित संजान तथा वडा स्तरिए दलित संजादहरु पनि बनाउदै गैरहेको  छु । आफ्नो बडामा  महिलाको लागि बजेट छुट्टाउन दलितको लागि बजेट छुट्याउन समेत पहल गरिरहेको छु  । आज म जहाँ छु जस्तो छु त्यस्मा मेरो प्रेरणाको स्रोत भनेर यस बाल संरक्षण संस्थाको अध्यक्ष श्री राधा घिमिरे दिदिलाई दिन चाहान्छु उहाँ विनाम यो ठाँउ सम्म आई पुग्नको लागि सम्भव थिएन । त्यस्को लागि पनि म उहाँहरुप्रति सधै आभारी छु । किन भने उहाँले मलाई समय समयमा प्रेरणादायी गालि पनि गर्नु हुन्थ्यो जस्ले गर्दा केहि गरेरनै देखाउनु पर्छ भन्ने मनमा आउने गर्दथियो । र म आज सफल पनि भएको महसुस आफै गर्दछु । धन्यवाद ।